# ८ सृष्टिकर्ता सनातनका परमेश्वरको आराधना गर

***यस अध्यायका मूल पदहरू:*** प्रकाश १४:६,७, मत्ती २४:१४, गलाती ३:२२, लूका २३:३२-४३, उत्पत्ति २२:१२ र प्रकाश १४:८-१२।

***यस अध्यायको मूल सार पद:*** **"अनि अर्को स्वर्गदूत आकाशको बीचमा उडिरहेको मैले देखें। उनीसँग संसारमा रहेका मानिसहरूलाई प्रचार गर्न अनन्तको सुसमाचार थियो। प्रत्येक राष्ट्र, प्रत्येक जात, प्रत्येक भाषा र प्रत्येक मानिसहरूलाई सुनाउन त्यो समाचार उक्त स्वर्गदूतसँग थियो" (प्रकाश १४:६ रूपान्तरित)।**

हामी सेभेन्थ-डे एडभेन्टिस्ट भएको हैसियतले बाइबलमा "भएका सत्यता" (२ पत्रुस १:१२) वा वर्तमान समयसापेक्ष सत्यलाई हामी विश्वास गर्दछौं (अङ्ग्रेजी बाइबलमा बर्तमान सत्य- प्रिजेन्ट ट्रुथ present truth भनिएको छ भने नेपाली बाइबलमा सो वाक्य नभएको पाइन्छ)। त्यसको अर्थ यो हो कि परमेश्वरले मानिसलाई चाहिने सत्य आत्मज्ञानलाई युग अनुसार उघारिदिनुहुन्छ। त्यो ज्ञानको ज्योति आवश्यकता अनुसार झन झन उज्यालो भएर चम्किँदै जान्छ। सुसमाचारको पहिलो प्रतिज्ञा उत्पति ३:१५मा दिइएको थियो। स्त्रीको बिऊबाट उद्धारकर्ताको जन्म हुनेछ भनेर पापमा फसेको आदम र हव्वाको दिमागमा आशा रोपिइएको थियो। "उनी महान् र शक्तिशाली राष्ट्र हुनेछन् र उनले गर्दा संसारका सारा राष्ट्रहरूले आशिष पाउनेछन्" (उत्पति १८:१८ रूपान्तरित) भनेर अब्राहमलाई दिइएको प्रतिज्ञा र सुसमाचारलाई पूर्णरूपमा प्रकट गरिएको ठानिन्छ। अब्राहमलाई दिइएको भन्दा सत्य सुसमाचारको अझ सबभन्दा ठूलो प्रतिज्ञा येशैमा प्रकट गरिएको थियो। जब उहाँ आउनुभयो उहाँले यो घोषणा गर्नुभयो, "मानिसको पुत्र आफ्नो भाऊ खोज्न वा सेवा पाउन होइन तर सेवा गर्न र धेरैको बन्धनलाई फुका गर्न आफ्नो जीवन दिएर मोल तिर्न आएको हो" (मर्कूस १०:४५ रूपान्तरित)।

प्रकाश १४:६-१२मा प्रस्तुत गरिएको सन्देश बर्तमान समयसापेक्ष सु-समाचार हो भनेर आज हामी विश्वास गर्दछौं। त्यो समाचार ती मानिसहरूको निम्ति हो जो येशू ख्रीष्टको आगमन भन्दा पहिले अन्तिम युगमा बाँचिरहेकाहरू र येशूका भक्तहरूको निम्ति पूरा हुने आशाहरूको थुप्रो।

जो मानिसहरू  जुनसुकै महासङ्कटमा पनि परमेश्वरको निष्ठामा अडिग भएर बस्छन् तिनीहरूको निम्ति निर्णायक सत्यहरू पहिलो स्वर्गदूतले के दिएका थिए सो हामी यस अध्यायमा हेर्नेछौं।

## १. सुसमाचारको विश्वव्यापीकरण

**प्रकाश १४:६, मत्ती २४:१४ र २८:१९मा एउटै खालको कस्तो विषयबस्तु प्रस्तुत गरिएको छ? हाम्रो चर्चको अस्तित्वको उद्देश्य नै अरूलाई सु-समाचार सुनाउनु र गवाही दिनु हो भनेर ती पदहरूले हामीलाई कसरी बुझाउँछ? हेर्नुहोस्: प्रकाश १४:६ "अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड्रिरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो।", मत्ती २४:१४ "अनि राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउनेछ।" र मत्ती २८:१९ "यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ।"**

पाप भनेको कुनै निश्चित स्थान वा मानिसमा मात्र नभएर विश्वव्यापी छ। यस संसारमा जताततै पापै पापले राज गरेको छ। त्यसैले येशूलाई विश्वास गर्छु भन्ने प्रत्येक उपासकले विश्वव्यापी रूपमा उहाँको सुसमाचार सुनाउन उसलाई खटाइएको हो भनेर प्रतिवद्धता जनाउनुपर्छ। "प्रत्येक राष्ट्र, देश, जाति, भाषा र मानिसले" गल्ति गरेका छन्, तिनीहरूले परमेश्वरको व्यवस्थालाई उलङ्घन गरेका छन् र तिनीहरू सबै जना "पापको बन्धनमा" बाँधिएका छन् वा बन्धकमा छन्। अदनको बगैचामा आदमको पतनले गर्दा प्रत्येक मानव प्राणी, प्रत्येक देश, प्रत्येक जाति र मानिस पापबाट सुरक्षित छैन। हामी सबैले पापको परिणाम तुरन्तै भोगिरहेका छौं। यदि त्यसबाट उद्धार गर्ने उपाय उपलब्ध गराइएन भने हामी सबैले अनन्त मृत्युको सामना गर्नुपर्नेछ।

त्यो उपाय वा पापको औषधी हामीलाई उपलब्ध गराइएको छ। त्यो हो, येशूको जीवन, मृत्यु, पुनरुत्थान र स्वर्गको मन्दिरमा येशूले हाम्रो निम्ति गरिरहनुभएको सेवाकार्य। येशू नै हाम्रो पापको समाधान वा औषधी हुनुभएको छ। येशू ख्रीष्टमा परमेश्वरले ठूलो आशा के दिनुभएको छ सो सबैले थाहा पाउनु अनिवार्य छ। त्यसैकारण कुनै न कुनै रूपमा संसारका विभिन्न देशहरूमा

गएर येशूको सन्देश सुनाउन सेभेन्थ-डे एडभेन्टिस्टहरू क्रियाशील छन्। बिषेश गरेर येशूको नाउँ कहिल्यै पनि नसुन्नेहरूकहाँ पुग्न तिनीहरू प्रयत्नशील छन्।

**अरूलाई सुसमाचार सुनाउँदा सुसमाचार सुनाउनेको आफ्नै आत्मिकी जीवनमा के फाइदा हुन्छ? त्यसैकारण अरूलाई सिकाउनु नै येशूको आगमनको सही प्रतिक्षा गर्ने उत्तम विकल्प हो भन्ने बिचारप्रति तपाई सहमत हुनुहुन्छ ?**

## २. क्रुसमा टाँगिएको अपराधी र "अनन्तको सुसमाचार"

प्रकाश १४:६ अनुसार सारा संसारमा गएर सुसमाचार प्रचार गर्नु भनेकै अनन्तको सु-समाचार हो। यस संसारमा कुनै पनि थोकले आशा नदिएको सन्दर्भमा येशूको सन्देश आशाको वाणी हो।

**सारा पापीहरूलाई उपलब्ध गराइएको त्यो महान् आशा नै अनन्तको सुसमाचार हो भनेर लूका २३:३२-४३को कथाले कसरी प्रकट गर्दछ? हेर्नुहोस्,**
**"३२ अब तिनीहरूले दुई अपराधीहरूलाई उहाँसँगै मृत्युदण्ड दिनलाई लगे।**
**३३ जब तिनीहरू खप्परे भन्ने ठाउँमा आए, तब त्यहाँ तिनीहरूले उहाँलाई क्रूसमा टाँगे, र ती अपराधीहरूमध्ये एक जनालाई दाहिनेपट्टि र अर्कालाई देब्रेपट्टि क्रूसमा टाँगे। ३४ अनि येशूले भन्नुभयो, "हे पिता, यिनीहरूलाई क्षमा गर्नुहोस्, किनकि यिनीहरूले के गर्दैछन् सो जान्दैनन्।" अनि तिनीहरूले उहाँको वस्त्र भाग गरेर चिट्ठा हाले। ३५ मानिसहरू उभिएर हेरिरहेका थिए। शासकहरूले उहाँको ठट्टा गर्दै भने, "यसले अरूलाई बचायो, यो परमेश्वरका ख्रीष्ट तथा उहाँका चुनिएका जन हो भने यसले आफैलाई बचाओस्।" ३६ सिपाहीहरूले पनि आएर उहाँलाई सिर्का दिँदै यसो भनेर गिल्ला गरे, ३७ "तँ यहूदीहरूका राजा होस् भने आफूलाई बचा।" ३८ "यो यहूदीहरूको राजा हो" भन्ने दोष-पत्र पनि उहाँको मास्तिर थियो। ३९ क्रूसमा टाँगिएका अपराधीहरूमध्ये एक जना अपराधीले उहाँको अपमान गर्दै भन्यो, "के तिमी ख्रीष्ट होइनौ? तिमी आफैलाई र हामीलाई बचाऊ।" ४० तर त्यसलाई हकारेर अर्कोले जवाफ दियो, "तँ पनि त्यही दण्डमा परेको छस्, तापनि परमेश्वरको डर मान्दैनस्? ४१ हाम्रो दण्ड त न्यायोचित छ, किनकि हामीले त आफ्नो कामको उचित फल भोगिरहेका छौं, तर यी मानिसले त केही अनुचित काम गरेका छैनन्।" ४२ तब त्यसले भन्यो, "हे येशू, तपाईं आफ्नो राज्यमा आउनुहुँदा मलाई सम्झनुहोस्।" ४३ उहाँले त्यसलाई भन्नुभयो, "साँच्चै म तिमीलाई भन्दछु, आजै तिमी मसित स्वर्गलोकमा हुनेछौ।"**

**त्यो अपराधी खास निष्ठुर अपराधी त थिएन तर येशूलाई** विश्वास गर्ने विवेकलाई कडा रूपमा प्रतिकार गर्दथ्यो। जसले गर्दा त्यो पापको गहिराइमा झन-झन डुब्यो र अन्तमा उसले पक्राऊ खायो र अपराधी भनेर उसको बिरुद्धमा मुद्दा चलाइयो र अन्तमा क्रुसमा टाँग्ने फैसला गरियो भनेर एलेन जी ह्वाइटले द डिजाएर अभ एजेज्, पृ. ७४९मा बताउँछिन्।

अत्यन्त ठूलो अपराधी वा पापी मानिसमा गनिन पुगेको त्यस चोरलाई के भयो त? जब ऊ क्रुसमा झुण्डिरहेको थियो त्यसबेला येशू को हुनुहुन्थ्यो भन्ने आभास् उसले पायो र चिच्यायोः "हे प्रभु, जब तपाईँ आफ्नो राज्यमा आउनुहुन्छ त्यसबेला मलाई सम्झनुहोस्!" (लूका २३:४२)।

त्यसको जवाफ येशूले कसरी दिनुभयो? के उहाँले यो भन्नुभयो ?किः *साथी म तिमीलाई सहायता त गर्न चाहन्छु, तर मलाई विश्वास नगरिकन पापमा झन झन डुब्न नहुने थियो?* वा फरिसी पण्डितहरूतिर लक्षित गर्दै आफ्ना चेलाहरूलाई भन्नुभएकोः *तिमीहरूको धार्मिक जीवन धर्मशास्त्रका विद्वान र फरिसी पण्डितहरूको भन्दा असल हुनुपर्छ अनिमात्र तिमी स्वर्गको राज्यमा पस्न सक्छौ* भनेर उसलाई सुनाउनुभयो त ?(मत्ती ५:२०) के येशूले त्यस अपराधीको बिगत पाप, भुल आदिलाई खोतल्नु भयो त?

अहँ। बरू त्यो पापी अपराधी मानिस जसको चरित्रमा दोषहरू थिए र शुरूमा उसले पनि येशूलाई गाली गरेको थियो (मत्ती २७:४४) उसले कुनै धार्मिक कामहरू गरेको थिएन र धर्मका रीतिहरू पालन गरेर परमेश्वरको अगाडि असल वा धर्मी हुने कुनै पुण्य गरेको थिएन तैपनि येशूले उतिर आफ्नो अनुहार फर्काउनुभयो।

तत्कालीन त्यो व्यक्ति येशूलाई विश्वास गरी नयाँ हुन गएको थियो र उहाँले खास गरेर भन्नुभयोः अहिले नै म तिमीलाई भन्दछु, तिमीलाई यो वचन दिँदछु कि तिम्रो पाप, तिम्रो अपराध, तिम्रो गलत कामहरू र कमजोरीहररु सबै क्षमा भएका छन् र तिमी मसँग स्वर्गमा हुनेछौ" (लूका २३:४३ रूपान्तरित)।

यो नै अनन्तको सुसमाचार हो। पहिलो स्वर्गदूतको सन्देशको जग नै यही हो। यो सत्य आत्मज्ञानबिना व्यवस्थाको बारेमा ज्ञान, साबथको बारेमा जानकारी वा मानिस मरेपछि के हुन्छ, येशूको आगमन आदि शिक्षादीक्षाको कुनै काम छैन। सारा सन्देशको मुटु अनन्त सुसमाचारलाई आत्मसात गरिएन भने बाइबलको बारेमा जतिसुकै धुरन्धर विद्वान भएपनि त्यसको अर्थ के रहन्छ त? **क्रुसमा टाँगिएको अपराधीको कथाबाट तपाईंमा के आशा पल्हाउन सक्छ**?

## ३. परमेश्वरको भय मान, श्रद्धा गर र उहाँको महिमा गर (प्रकाश १४:७)

सारा संसारमा अनन्तको सुसमाचारको घोषणाको चर्चा गरेपछि पहिलो स्वर्गदूतले आफ्नो सन्देशलाई अझ थप्दछन्। जब हामी अनन्तको सुसमाचार फैलाउँछौं तब त्यसमा पनि सुसमाचार सन्देशमा रहेका अरू सत्यहरूलाई पनि समावेश गर्नुपर्छ। त्यसमा वर्तमान समयसापेक्ष सत्यलाई ओगटनुपर्छ। प्रकाश १४:७लाई समावेश गर्नु जरुरी छ।

**प्रकाश १४:७ अनुसार परमेश्वरको भय मान, श्रद्धा गर र उहाँको महिमा गर भन्नुको अर्थ के हो? हामीले त्यो प्रक्रिया कसरी पूरा गर्ने? सुसमाचारको सन्देशमा त्यो धारणा कसरी मिल्दछ? हेर्नुहोस्: "तिनले चर्को स्वरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँको इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।"**

परमेश्वरप्रति श्रद्धा राख्नु, उहाँलाई भावपूर्ण सम्मान गर्नु भन्ने शब्दलाई भय वा डरमा व्याख्या गरिएको भयतापनि उहाँको आदर गर्नु र उहाँलाई महिमा दिनु फरक-फरक विषय होइनन्। यदि हामीले परमेश्वरलाई हृदयदेखि श्रद्धा राख्छौं वा बाइबलमा देखाइए अनुसार भय मान्छौं भने हामी उहाँको महिमा पनि गर्नेछौं। उहाप्रतिको भय र प्रेम संगसंगै गरिने कुराहरु हुन्।

**परमेश्वरलाई महिमा दिने सन्दर्भमा उहाँको भय मान्नु वा उहाँलाई श्रद्धा गर्नु भनेको के हो भनेर देहायका केही पदहरूले स्पष्ट पर्दछन् | उत्पत्ति २२:१२ "उनले भने, 'तिम्रो हात त्यस केटामाथि नउठाऊ, र त्यसलाई केही नगर्। अब मैले थाहा पाएँ तिमी परमेश्वरसँग डराउँदोरहेछौ, किनकि तिम्रो छोरो, तिम्रो एकमात्र छोरालाई पनि मबाट तिमीले रोकेर राखेनौ।", प्रस्थान २०:२० "१८ जब सारा मानिसहरूले गर्जन, बिजुली र तुरहीको आवाज सुने र पर्वतबाट धूवाँ उठिरहेको देखे, तब तिनीहरू थरथर काँपे र टाढ़ै उभिरहे। १९ तिनीहरूले मोशालाई भने, "तपाईं हामीसित कुरा गर्नुहोस् र हामी सुन्नेछौं, तर परमेश्वर हामीसित नबोलून्, नत्रता हामी मर्नेछौं।" २० मोशाले मानिसहरूलाई भने, "नडराओ, किनकि परमेश्वर तिमीहरूलाई जाँच्नलाई, र उहाँको भय तिमीहरूका सामु रहोस्, र तिमीहरूले पाप नगर भनेर आउनुभएको छ।" , अय्यूब १:७-१२ "७ परमप्रभुले शैतानलाई सोध्नुभयो, "तँ कहाँबाट आइस् ?" त्यसले भन्यो, "पृथ्वीमा चारैतिर घुमफिर गर्दै आएको हुँ।" ८ तब परमप्रभुले शैतानलाई सोध्नुभयो, "के तैंले मेरो दास अय्यूबलाई याद गरिस् ? परमेश्वरको**

**डर राख्ने र दुष्ट कामबाट अलग रहने त्यो जस्तो निर्दोष र सोझो मानिस पृथ्वीमा अरू कोही छैन।" ९ शैतानले परमप्रभुलाई यसो भनेर जवाफ दियो, "अय्यूबले त्यसै परमेश्वरको डर राखेका हुन् त ?" १० के तिनलाई, तिनका घराना र तिनका सबै धन-सम्पत्तिलाई तपाईंले चारैतिरबाट बार हालेर रक्षा गर्नुभएको छैन? तिनका सबै काममा तपाईंले आशिष् दिनुभएको छ, अनि तिनका गाईबस्तुहरू देशभरि अनगिन्ती बढ़ेका छन्। ११ तर आफ्नो हात पसारेर तिनका सबै चिजमाथि प्रहार गर्नुहोस्, र तिनले तपाईंलाई तपाईंकै मुखको सामुन्ने सराप्नेछन्।" १२ तब परमप्रभुले शैतानलाई भन्नुभयो, लौ त, त्यसकहाँ जे-जति छन्, सबै तेरै हातमा भयो। केवल अय्यूबको शरीरलाई चाहिँ नछो।" तब शैतान परमप्रभुको उपस्थितिबाट निस्केर गयो।", उपदेशक १२:१३ "अब सबै कुरा सुनिएका छन्– कुराको निष्कर्ष यही हो। परमेश्वरको भय राख र उहाँका आज्ञाहरू पालन गर। किनभने मानिसले गर्नुपर्ने सारा कर्तव्य यही नै हो।" र मत्ती ५:१४-१६ "१४ "तिमीहरू संसारका ज्योति हौ। डाँड़ामा बसालिएको सहर लुक्न सक्दैन। १५ मानिसहरूले बत्ती बालेर पाथीले त छोप्दैनन्, तर सामदानमा राख्दछन्, र घरमा हुने सबैको निम्ति त्यसले उज्यालो दिन्छ। १६ यसरी नै तिमीहरूको ज्योति मानिसहरूका सामुन्ने चम्कोस्, र तिनीहरूले तिमीहरूका सुकर्म देखून्, र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरून्।"**

परमेश्वरको भय मान्नु वा उहाँमाथि श्रद्धा राख्नु, उहाँका वचनहरू पालन गर्नुसँग सम्बन्धित छ। जब हामी परमेश्वरको वचनलाई पालन गर्छौं तब जे ठीक छ त्यही गर्ने हुन्छौं र हामी उहाँको महिमा गर्नेहुन्छौं। उहाँमाथि आदर गर्नुको अर्थ केवल उहाँको सामु डर मान्नु वा झुक्नुमात्र होइन त्यो भन्दा गहिरो भावनाले हामीलाई अभिप्रेरित गर्नुपर्छ। पापले गर्दा हामी पतित भएका छौं। जोसुकै भएतापनि हामी पापी छौ। हामी मृत्युको निम्ति योग्यका छौं। आफूले गरेका पाप, अपराध, दुष्ट कामको बारेमा महसुस भएपछि कतिजनाले हीनता बोध गर्दै र दिक्क मान्दै न्यायी र धर्मी परमेश्वरको सामु म त केवल मर्नको लागि मात्र योग्यको छु भनेर स्वीकार गरे पनि होलान् | यो नै परमेश्वरप्रतिको भय हो। त्यही भयले हामीलाई प्रथमत क्रुसमा दिइने क्षमातिर डोऱ्याउँछ र दोस्रोमा हाम्रो पापलाई सफा गर्न वा पापबाट स्वतन्त्र हुन परमेश्वरको शक्तिलाई दावी गर्न पुग्छौं। यदि क्रुसको अस्तित्व स्वीकरेनौ भने हामीमा अनन्त जीवन पाउने सम्भावना हुँदैन (मत्ती १०:२४-३३ "२४ "चेला आफ्ना गुरुभन्दा र कमारो आफ्ना मालिकभन्दा श्रेष्ठ हुँदैन। २५ चेला आफ्ना गुरुजस्तो र कमारो आफ्ना मालिकजस्तो हुनु यथेष्ट छ। यदि

तिनीहरूले घरका मालिकलाई नै बालजिबुल भनेका छन् भने, उनका परिवारकाहरूलाई झन् कति बढ़ी भन्लान्? २६ "यसकारण तिनीहरूसँग नडराओ। किनभने ढाकेर प्रकट नहुने र लुकेर थाहा नहुने केही छैन। २७ जे म तिमीहरूलाई अन्धकारमा भन्दछु, त्यो तिमीहरूले उज्यालोमा भनिदेओ, र जे तिमीहरूले कानमा सुन्छौ, त्यो घरका धुरीहरूबाट प्रचार गर। २८ *तिनीहरूसँग नडराओ जसले शरीरलाई मार्छन्, तर आत्मालाई मार्न सक्दैनन्। बरु आत्मा र शरीर दुवैलाई नरकमा नाश गर्न सक्नेसँग डराओ।* २९ के एक पैसामा दुई भँगेरा बिक्दैनन्? तीमध्ये एउटा पनि तिमीहरूका पिताको इच्छाविना भूइँमा खस्नेछैन। ३० तिमीहरूका शिरका केशहरू पनि सबै गन्ती भएका छन्। ३१ यसकारण तिमीहरू नडराओ, तिमीहरू धेरै भँगेराभन्दा बढ्ता मूल्यवान् छौ। ३२ "यसकारण हरेक जसले मानिसहरूका सामु मलाई स्वीकार गर्छ, म पनि उसलाई स्वर्गमा हुनुहुने मेरा पिताको सामुन्ने स्वीकार गर्नेछु। ३३ तर हरेक जसले मलाई मानिसहरूका सामुन्ने इन्कार गर्छ, म पनि उसलाई स्वर्गमा हुनुहुने मेरा पिताको सामुन्ने इन्कार गर्नेछु।"

**तपाईंले आफ्नो जीवनमा परमेश्वरसँग डर मान्नु भन्ने कुरालाई कसरी लिनु भएको छ? यसले हाम्रो आत्मिक जीवनमा कसरी सुधार गर्छ र परमेश्वरले हामीलाई अऱ्हाउनु भएको कुरालाई विश्वाससाथ पालन गर्न कसरी सघाउँछ?**

## ४. उहाँको न्यायको घडी आएको छ (प्रकाश १४:७)

पहिलो स्वर्गदूतको सन्देशमा परमेश्वरको भय मान्नु र उहाँको महिमा गर्नुसँग न्याय गाँसिएको (प्रकाश१४:७ले) देखाइएको छ। यदि बाइबल कुनै विषयमा स्पष्ट छ भनेर देखाउँछ भने उहाँ परमेश्वर न्यायशील र न्यायकर्ता हुनुहुन्छ भन्ने स्पष्ट धारणामा छ। आजको संसार कमजोर न्यायको संसार हो। त्यो न्यायको कमी एकदिन बिलाएर जानेछ र परमेश्वरले सबैको न्याय गरी तिनीहरूको काम र नियतको चिरफार समेत गरी फैसला गर्नुहुनेछ।

यस सन्दर्भमा परमेश्वरको भय मान्नु उचितै ठान्नुपर्दछ। त्यसैकारणले अनन्तको सुसमाचारमा न्यायको वास्तविकतालाई पनि समावेश गरिएको छ। अनन्तको सुसमाचार र न्यायको बीचमा के सम्बन्ध छ? सुसमाचारको अर्थ असल सन्देश वा समाचार हो, यदि यो असल समाचार हो भने हामी पापी भएर परमेश्वरको व्यवस्थालाई तोडयौं भनेतापनि हाम्रो पाप अनुसार पापको ज्याला र दण्ड भोग्नुपर्ने छैन भनेर ढुक्क हुनसक्छौं। जसरी क्रुसमा टाँगिएको अपराधीले

क्षमा पायो त्यसरी नै हामीले पनि येशूलाई विश्वास गर्दा हाम्रो पापको क्षमा हामीले पाउनेछौं।

**देहायका पदहरू पढेर तपाईं आफैले आफैलाई सोध्नुहोस्, मेरो आफ्नै असल काम वा चरित्र कतिको (न्यायसंगत) हिसाबकिताब दिने खालको छ? हेर्नुहोस्: मत्ती १२:३३-३७ "३३ "कि रूखलाई असल बनाओ, र त्यसको फल असल हुनेछ। कि रूखलाई खराब बनाओ र त्यसको फल पनि खराब हुनेछ। किनभने फलबाट नै रूख चिनिन्छ। ३४ ए सर्पका बच्चा हो! तिमीहरू आफै दुष्ट छौ, असल कुरा कसरी बोल्न सक्छौ? किनभने हृदयमा भरिएका कुराहरू नै मुखबाट निस्कन्छन्। ३५ असल मानिसले आफू भित्र भरिएका असल थोकबाट असलै थोक निकाल्छ, तर दुष्ट मानिसले आफूमा भरिएको दुष्टताबाट दुष्ट थोक नै निकाल्छ। ३६ म तिमीहरूलाई भन्दछु, हरेक व्यर्थको कुरा जो मानिसहरू बोल्दछन्, न्यायको दिनमा तिनीहरूले त्यसको लेखा दिनुपर्नेछ।' ३७ किनकि तिम्रा वचनहरूले तिमी निर्दोष ठहरिनेछौ, र तिम्रा वचनहरूले तिमी दोषी ठहरिनेछौ।", उपदेश १२:१४ "किनकि हामीले गरेको हरेक काम, असल होस् वा खराब होस्, प्रत्येक गुप्त कुरासमेत सबैको न्याय परमेश्वरले गर्नुहुनेछ।", रोमी १२:१-११ "१ यसकारण अर्कालाई दोष लाउने ए मानिस, तिमी जोसुकै भए तापनि, केही बहाना छैन, किनकि जेमा तिमी अर्कालाई दोष लगाउँछौ, त्यसैमा आफै पनि दोषी ठहरिनेछौ, किनभने तिमी दोष लाउनेले पनि त्यही काम गर्छौ। २ यस्ता काम गर्नेहरूमाथि परमेश्वरको इन्साफ ठीकसँग पर्छ भनेर हामी जान्दछौं। ३ ए मानिस, तिमीले यस्ता काम गर्नेहरूलाई दोष लाउँछौ, र आफै पनि त्यही काम गर्छौ भने, के परमेश्वरको इन्साफबाट उम्कन्छु भन्ने तिमी ठान्छौ? ४ अथवा परमेश्वरको कृपाले तिमीलाई पश्चात्तापमा डोऱ्याउँछ भन्नेलथाहा नपाएर, के तिमी उहाँको दया, सहनशीलता र धैर्यको प्रशस्ततालाई तुच्छ ठान्छौ? ५ तर परमेश्वरको धार्मिक इन्साफ प्रकट हुने त्यस क्रोधका दिनको लागि आफ्नो कठोर र अपश्चात्तापी हृदयले गर्दा तिमीले आफ्नो निम्ति क्रोध थुपारिरहेछौ। ६ किनकि उहाँले हरेक मानिसलाई उसको कामअनुसार दिनुहुनेछ। ७ धैर्यसँग असल काम गरेर महिमा, इज्जत र अमरत्व खोज्नेहरूलाई चाहिँ उहाँले अनन्त जीवन दिनुहुनेछ। ८ तर झगड़ालु, सत्यको पालन नगर्ने, र दुष्टतामा हिँड्नेहरूमाथि चाहिँ क्रोध र रिस पर्नेछ। ९ खराब काम गर्ने हरेक मानिसमाथि सङ्कष्ट र आपद् आइपर्नेछ, पहिले यहूदीमाथि र अन्यजातिहरूमाथि पनि। १० तर असलकाम गर्ने हरेकलाई पहिले यहूदीलाई अनि अन्यजातिलाई पनि गौरव, इज्जत र शान्ति प्राप्त हुनेछ। ११ किनकि**

**परमेश्वरले पक्षपात गर्नुहुन्न।" र १ कोरन्थी ४:१-५ "१ यसरी मानिसले हामीहरूलाई ख्रीष्टका सेवक र परमेश्वरका रहस्यहरूका भण्डारे ठान्नुपर्दछ। २ त्यसबाहेक यो आवश्यक छ, कि भण्डारेहरू विश्वासयोग्य ठहरिनुपर्छ। ३ तर तिमीहरूबाट वा मानिसको कुनै अदालतबाट मेरो इन्साफ हुनु, यो त मेरो निम्ति अति सानो कुरो हो, म आफै पनि आफ्नो इन्साफ गर्दिनँ। ४ मेरो आफ्नै विरुद्धमा केही छ भन्ने मलाई थाहा छैन, तर त्यसले मलाई निर्दोष साबित गर्दैन। मेरो न्याय गर्ने त प्रभु नै हुनुहुन्छ। ५ यसकारण तोकिएको समयभन्दा अघि न्याय नगर, प्रभु आउञ्जेल पर्ख। उहाँले अँध्यारोमा लुकेका कुराहरूलाई प्रकाशमा ल्याउनुहुनेछ, र मानिसका हृदयका अभिप्रायहरू प्रकट गरिदिनुहुनेछ। तब हरेक मानिसले परमेश्वरबाट आफ्नो प्रशंसा पाउनेछ।"**

हाम्रो शिरको प्रत्येक रौं गन्नुहुने परमेश्वरले यस संसारको न्याय गर्नुहुनेछ। त्यसैकारणले अनन्तको सुसमाचार हाम्रो निम्ति शुभ सन्देश हो। न्याय त आउँछ तर जो येशूको नाउँमा आफ्नो पाप धुन्छ, पवित्र हुन्छ र निर्दोष भएर निष्ठावान भएर बस्छ तिनीहरूले सजायँ भोग्नुपर्ला भनेर डराउनुपर्दैन (१ कोरन्थी ६:११ "११ तिमीहरू कोही यस्तै थियौ, तर तिमीहरू धोइयौ, पवित्र पारियौ, प्रभु येशू ख्रीष्टको नाउँमा हाम्रा परमेश्वरका आत्माद्वारा निर्दोष ठहराइयौ)। किनभने येशू ख्रीष्ट धर्मी र वचनवद्ध हुनुहुन्छ र उहाँकै धार्मिकताले गर्दा हामी न्यायको दिनलाई पार गर्नेछौं।

"पापले ल्याउने नतिजालाई मानिस आफैले सामना गर्न सक्दैन। आफ्नो दोषलाई स्वीकार्दै त्यो मानिस पापै पापको दाग भएको पोशाक लगाएर परमेश्वरको सामु उभिन्छ। तर सबै जना जो पश्चाताप गरेर आफ्नो जीवनलाई विश्वासद्वारा उहाँमा सुम्पिन्छ उहाँ हाम्रो निम्ति वकिल भएर परमेश्वरको सामु खडा हुनुहुन्छ। ती क्षमा पाएका पापीहरूको अभियोगको निम्ति उहाँले पैरवी वा बिन्ति गर्नुहुन्छ र शक्तिशाली क्रुसको तर्कलाई अघि सारेर उहाँले दोष दिनेलाई हराउनुहुन्छ। क्रुससम्मै परमेश्वरको व्यवस्थालाई सिद्ध पालन गरेर स्वर्ग र पृथ्वीमा सबै शक्ति उहाँले प्राप्त गर्नुभएको छ। दोषी मानिसको निम्ति उहाँको पिताको दया र मिलनलाई उहाँले दावी गर्नुहुन्छ।"- एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च*, ठेली ५, पृ. ४७१बाट रूपान्तरित।

**हामीलाई क्षमाको आवश्यकता कतिको छ भनेर न्यायको वास्तविकताले कसरी प्रकट गर्दछ? जसरी येशूमा परमेश्वरले हामीलाई क्षमा दिनुभयो र अनुग्रह दिनुभयो त्यसरी नै हामीले अरूलाई पनि क्षमा र अनुग्रह दिन कसरी सक्षम् हुने?**

## ५. जसले स्वर्ग र पृथ्वी सृष्टि गर्नुभयो उहाँको आराधना गर (प्रकाश १४:६,७)

**प्रकाश १४:६,७मा पहिलो स्वर्गदूतको पूरै सन्देशहरू प्रस्तुत गरिएको छ। ती सन्देशहरू एक आपसमा कसरी गाँसिएका छन्? हेर्नुहोस्, "६ अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो। ७ तिनले चर्को स्वरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।"**

सुसमाचारसँग पाँच तत्वहरू गाँसिएका छन्: संसारमा गएर उहाँको बारेमा गवाही दिनु वा प्रचार गर्नु, उहाँको भय मान्नु वा उहाँलाई श्रद्धा गर्नु, उहाँको महिमा गर्नु, उहाँ सृष्टिकर्ता हुनुभएको हैसियतले उहाँको आराधना गर्नु र उहाँले गर्नुहुने न्यायको घोषणा गर्नु। ती सबैले गर्दा पहिलो स्वर्गदूतको सन्देश हाम्रो निम्ति वर्तमान समयसापेक्ष सत्य सन्देश भएको मान्नुपर्छ। यदि परमेश्वर सृष्टिकर्ता हुनुहुन्न भने उहाँको सुसमाचार बाड्न, उहाँको गवाही दिन र उहाँको न्यायको बारेमा बताउन हामीलाई के सरोकार छ र? ती र अरू सबै सत्य तथा आत्मज्ञानहरूको जग परमेश्वर नै हुनुहुन्छ जसले सबै थोक सृष्टि गर्नुभयो। जब सनातन परमेश्वर नै सृष्टिकर्ता हुनुहुन्छ भनेर उहाँलाई पुज्छौं तब हामी आधारभूत मौलिक सत्यमा फर्कन्छौं। हामी सृष्टि गरिएका मानव हौं र अरू जन्तु जनावर र प्राकृतिक सृष्टि जस्तो होइनौ र हामी परमेश्वरको स्वरुपमा सृष्टि गरिएका हौं भनेर स्वीकार्दछौं। परमेश्वर नै हाम्रो सृष्टिकर्ता हुनुहुन्छ भनेर उहाँको आराधना गर्दा हाम्रो अस्तित्व र भविष्यको आशा उहाँमा नै भर पर्छ भनेर स्वीकार्दछौं। त्यसैकारण हप्ताको सातौं दिन शनिवारलाई पवित्र दिन मानेर उहाँको आराधना गर्ने कार्य अत्यन्त महत्त्वपूर्ण हुन जान्छ। परमेश्वरमात्र हाम्रो सृष्टिकर्ता हुनुहुन्छ र उहाँ पूजनीय हुनुहुन्छ भनेर विशेष गरेर हामी स्वीकार्छौं। फलतः उहाँको सुसमाचारको गरिमा, उहाँको न्यायको अस्तित्व र उहाँ सृष्टिकर्ता प्रभु हुनुहुन्छ भनेर सर्वोपरी ठान्दछौं।

**परमेश्वर हाम्रो सृष्टिकर्ता हुनुहुन्छ भनेर मान्नु किन जरुरी छ भनेर प्रकाश १४:८-११ले बुझाउन कसरी सहायता गर्दछ? हेर्नुहोस्: "८ अनि एउटा अर्को स्वर्गदूत, अर्थात् दोस्राचाहिँ यसो भन्दै पछिपछि लागे, "पतन भयो! जाति-जातिलाई आफ्नो व्यभिचारका क्रोधको मद्य पिउन लाउने महान् बेबिलोनको पतन भयो।" ९ त्यसपछि तेस्रा स्वर्गदूत चर्को सोरले यसो भन्दै तिनीहरूका पछि आए, "यदि कुनै मानिसले त्यो पशु र त्यसको मूर्तिलाई पुज्यो र निधार वा**

**हातमा त्यसको छाप लियो भने, १० त्यसले पनि उहाँका क्रोधको कचौरामा केही नमिसाई तयार गरिएको परमेश्वरका क्रोधको कड़ा मद्य पिउनेछ, र पवित्र स्वर्गदूतहरू र थुमाको सामुन्ने आगो र गन्धकमा त्यसलाई यातना दिइनेछ। ११ तिनीहरूका यातनाको धूवाँ सदासर्वदा मास्तिर गइरहनेछ। तिनीहरू यी नै हुन् जसले त्यो पशु र त्यसको मूर्तिलाई पूजा गर्छन्, र त्यसका नाउँको छाप लिन्छन्। तिनीहरूले दिनरात कहिल्यै पनि आराम पाउनेछैनन्।"**

सृष्टिकर्ता परमेश्वरलाई भन्दा पशु वा शैतान र उसको प्रतीकलाई पूजा गर्न सारा संसारमा दवाव बढ्नेछ भन्ने सबै घट्नाहरूको अन्तिम घट्नालाई माथिका पदहरूले उघारेको छ। जसले पशु र उसको प्रतीकलाई पूजा गर्छ त्यसको नतिजा तिनीहरूमाथि कस्तो भयङ्कर हुनेछ भनेर हामी बुझ्दछौं तब परमेश्वरलाई सनातन सृष्टिकर्ता र हामी मानव जातको आराधना गर्न योग्य परमेश्वर हुनुहुन्छ भनेर सही रूपमा बुझ्दछौं। संसारको अन्तमा हुने अनेकौं सङ्कटहरूमा शैतानरूपी पशुलाई पूजा गर्ने कि सृष्टिकर्ता परमेश्वरलाई पूजा गर्ने भन्ने सत्य नै सबैभन्दा निर्णायक सत्य भएर खडा हुनेछ।

**सृष्टिका अचम्मलाग्दा सिर्जनाहरुलाई ध्यान दिएर केहिबेर विचार गर्नुहोस्। ती सुन्दर सृष्टिहरूले हामीलाई के आभास् दिन्छन् , कि परमेश्वरनै सृष्टिकर्ता हुनुहुन्छ र उहाँमात्र हाम्रो आराधनाको योग्य परमेश्वर हुनुहुन्छ वा उहाँ पूजनीय हुनुहुन्छ भनेर?**

## उपसंहारः

**थप जानकारीः** प्रकाश १४:७मा उल्लेख गरिएको आव्हान "स्वर्ग, पृथ्वी, समुद्र र पानीका मुहानहरू सृष्टि गर्नुहुने सृष्टीकर्ताप्रतिको आदर" र प्रस्थान २०:११मा परमेश्वरले "छ दिनमा स्वर्ग, पृथ्वी, समुद्र र त्यहाँ भएका यावत थोकहरू परमेश्वरले सृष्टि गर्नुभयो" भन्ने पदहरु चौथौं आज्ञासँग मिल्छ भनेर बाइबलका विद्वानहरूले स्वीकार गरिरहेका छन्। तर प्रकाशको पुस्तकमा "पानीका मुहानहरू" सृष्टि गर्नुहुने भनेर पनि सृष्टिकर्तालाई औंल्याइएको कुरालाई अर्थपूर्ण मान्नु पर्छ।

बाइबलका विद्वान जोन बाल्डविनले यो तर्क गर्दछन्ः "प्रस्थान २०:११मा उल्लेख गरिएको पानी भएको समुद्र परमेश्वरले नै सृष्टि गर्नुभएको हो भनेर थाहा पाउँदा पाउँदै प्रभु येशूले आफ्नो दूतलाई किन "पानीको मुहानहरू" थप्न दिनुभयो? रुख, चराचुरुङ्गी, माछा वा पहाड जस्ता अन्य सृष्टिहरूलाई उल्लेख नगरी पानीको मूहानै किन भनियो? "पानीको मुहान"

भनेर उल्लेख गर्दा सायद परमेश्वरको भइसकेको विशेष न्यायको समयतर्फ मानिसहरूको ध्यान आकर्षित गर्न चाहनुभएको हुनुपर्छ। जब नोहाको समयमा जलप्रलय भयो त्यसबेला पानीका मुहानहरू फुटेका थिए,जहाँ परमेश्वर नै न्यायको परमेश्वर हुनुहुन्छ भन्ने सत्यतालाई मानिसले स्वीकारुन भन्ने परमेश्वर चाहनुहुन्छ | उहाँ अनन्तसम्म विश्वासयोग्य र अनुग्रही पनि हुनुहुन्छ भन्ने सत्यलाई सबैले स्वीकार गरेको उहाँ चाहनु हुन्छ। जलप्रलयसँग "पानीका मुहान"को व्याक्यलाई हेर्दा पाठकवर्गहरूलाई त्यसको व्यक्तिगत र आत्मिक अर्थलाई गम्भीरतापूर्वक लिन आवश्यक देखाउँछ। प्रकाश १४मा उल्लेखित पहिलो स्वर्गदूतद्वारा घोषणा गरिएको अन्तिम समयमा हुने नयाँ प्रक्रियागत घट्नाहरूको साथै परमेश्वरको न्यायप्रति सजग रहन सबैलाई आह्वान गरिएको छ भनेर ठानिनुपर्छ।"-जोन बाल्डविनद्वारा सम्पादित, *क्रियशन, क्याटवस्ट्रोफ र क्यालभरीः ह्वाइ अ ग्लोबल फ्लद इज भाइटल टु द डक्ट्रिन अक्ष आटोनमेन्ट* (हागरटाउन, मेरिल्याण्डः रिभ्यु एण्ड हेराल्ड पब्लिशिङ्ग आसोशियशन, २०००), पृ. २७बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. **यशैया ५३ः६मा यसरी लेखिएको छः "हामी सबै जना भेंडा झैं आ-आफ्नै तालले बरालिएका छौं।" "हामी सबै जना" भन्ने हिब्रू शब्द कुलानु *cullanu* हो। त्यही पदमा यशैयाले भन्दछन् कि परमेश्वरले येशूमाथि हामी सबैको "पाप अधर्म वा दुष्टताहरू थुपार्नुभएको छ"। "हामी सबैको" भन्ने त्यहाँको वाक्यमा पनि *cullanu* कुलानु हो। पापको समस्या यति ठूलो छ कि त्यसको समाधान केवल येशूले गर्नुभयो त्यो यथेष्ट छ भनेर उक्त शब्दले कसरी देखाउँछ?**

आ. **क्रुसमा टाँगिएको अपराधीको कथाबाट हामीले अरू के-के पाठहरू सिक्न सक्छौं? मानौं त्यस अपराधीलाई क्षमा दिइयो र क्रुसबाट तल झारियो र जीवित भयो रे? त्यसपछि उसले कस्तो खालको फरक जीवन जिउथ्यो होला?(विचार गर्नुहोस्)हाम्रो जीवनलाई परिवर्तन गर्न ख्रीष्टको शक्ति कतिको महत्वपूर्ण छ भनेर त्यो कथाले हामीलाई के सिकाउदछ?**

कथा ८

## पेट्रोल पम्पमा भएको संयोगको भेट

**जोन पिना, ५७**

**वेस्ट भर्जिनिया, अमेरिका**

एक दिन अमेरिकाको वेस्ट भर्जिनियाको पेट्रोल पम्पमा कामगरिरहेका जोन पिन्याले कारमा पेट्रोल हाल्न खोज्दा प्राविधिक कारणले गर्दा पम्पले काम गरेन। उसको लागि त्यो समय अत्यन्त खराब भएको थियो। २३ वटा पेट्रोल पम्प भएको माउन्ट होप भन्ने ठाउँमा व्यापार अत्यन्त राम्रोसँग चलिरहेको थियो तर क्रेडित कार्डलेचाहीँ काम गर्न छोडेको थियो। त्यसकारण मानिसहरूले मेशिनमा पैसा हालेरमात्र पेट्रोल पाइपबाट आउनुपर्थ्यो। त्यसमा पनि खुद्रा पैसा निकाल्ने स्वचालिन मशिनपनि बिग्रेको थियो। एउटा ठूलो क्याडिलाक कार पेट्रोल पम्पमा आएर आफ्नो कारमा फटाफट पेट्रोल भऱ्यो। जोन र उसको महिला साथीले आफ्नो पसलबाट त्यो हेरिरहेका थिए। त्यो मानिस पेट्रोल पम्पको पसलमा पस्यो। "हजुर, तपाईंले भरेको पेट्रोलको पैसा ४० डलर भएको छ, त्यसकारण तिर्नुहोस्। त्यो मानिस के गरूँ के गरूँ भयो। "मसँग केवल क्रेडित कार्डमात्र छ। पैसा छैन।" आपद मान्दै त्यो मानिसले जवाफ दियो। जोन पेट्रोल पम्पको मानेजरकहाँ गयो र के गर्ने भनेर सोध्यो। "ग्राहकले पैसा दिन नसकेपछि पेट्रोलपम्पमै कार छोडेर कतैबाट भएपनि पैसा लिएर आउनु भन" भनेर मेनेजरले भन्यो। तर रातिहुँदो पैसा खोज्न गाह्रो हुने कुरा ग्राहकले भन्यो। त्यो मानिस हेर्दा निक्कै भलाद्मी देखिन्थ्यो त्यसैले जोनले भन्यो, "म तपाईंको पैसा तिर्छु तर तपाईंको लाइसेन्स छोडेर जानुहोस्। तपाईंले पैसा ल्याउनुभएपछि म तपाईंको लाइसेन्स फर्काइदिन्छु।यो कुराले त्यो मानिस ज्यादै आभारी भयो र ग्राहकले जोनसँग हात मिलाएर बचन दियो, "म भोलि अवश्य फर्कनेछु।" जब ग्राहक त्यहाँबाट निस्क्यो तब जोनको महिला साथीले उसलाई "बहुला" भन्दै गाली गर्न थालिन्, "तिमीले त्यो चालिस डलर गुमायौ। तर जोनले विश्वासकासाथ भने "अहँ, म विश्वास गर्छु ग्राहक फर्की आउनेछ" जोनले नहिचकिच्याइकन भन्यो। भोलिपल्ट ग्राहक फर्केर आयो चालिस डलर दिंदै भन्यो, "भाइ, तिमीलाई धेरै-धेरै धन्यवाद म तिम्रोलागि केही सहयोग गर्न सक्छु?" तर त्यो काम गरेवापत जोनले थप पैसाको इनाम पाउने अपेक्षा गरेको थिएन त्यसैले भन्यो, " त्यसकोलागि धन्यवाद हामी सबै ठिकै छौ। परमेश्वरले तपाईंलाई आशिष

दिउन्। तपाईंको दिन राम्रो होस्। अनि ती ग्राहक "परमेश्वरले तपाईंहरूलाई पनि आशिष दिउन्" भन्दै  विदा भए।

### अनपेक्षित भेट

त्यो रात जोनले  दिउँसो भएको घट्नाको बारेमा आफ्नी श्रीमती शारनलाई भने। त्यही समयमा उनका ससुरा जीम बाइबलको बारेमा छलफल गर्न उनको घरमा आएका थिए अनि त्यतिकैमा दिउँसोको घट्नाको बारेमा कुरा बन्द गरे। जिम सेभेन्थ-डे एडभेन्टिस्ट थिए र जोनलाई आफ्नो चर्चमा आउन निम्तो दिइरहन्थे। त्यो साँझमा पनि जिमले आउदो शनिबार चर्चमा आउन जोनलाई  निम्तो दिए। "हुन्छ यस पटक म चर्च आउँछु" भन्दै जोनले वचन दिए।

जोन अमेरिकाको प्रान्त क्लिभलान्डमा आइतवार पालन गर्ने घरमा हुर्केका थिए र कहिलेकाहीं उनकी श्रीमतीसँग चर्च जान्थे। उनकी श्रीमती सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा जन्मिएकी थिइन् तर पछि उनले चर्च छोडेकी थिइन्। वेस्ट भर्जिनयाको बक्ले शहरमा भएको जोनको ससुराको एडभेन्टिस्ट चर्चमा कहिल्यै पनि उनीहारू गएका थिएन्। तर यस पटक तिनीहरूले जिमको निम्तोलाई स्वीकार गर्दै चर्च गएका थिए।

साबथको बिहानी पख अलिक असजिलो मान्दै जोन आफ्नो ससुरा जिमसँगै बसेका थिए।उक्त साबथको बिहानी आराधना सेवापछि पास्टर चर्चको ढोकानेर पुगेका थिए अनि जिमले जोनलाई भने, "ज्वाइँ, तपाईं एक पटक हाम्रो पास्टरसँग भेट गर्नुहोस्।" "हुन्छ, मसँग बाइबलको बारेमा केही प्रश्नहरू छन् जुन प्रश्नहरू उहाँसँग सोध्न चाहन्छु" जोनले जवाफ दिए, पास्टर बाहिर ढोकातर्फ जाँदै गर्दा जोनलाई ती पास्टरलाई त कहीं देखे जस्तो लग्यो। पास्टरले जिमसँग हात मिलाए र जोनलाई हेर्दै भने, "हैन, तपाईंलाई त कहीं देखे जस्तो लाग्छ?" ती दुई जना मानिसहरू एकछिनसम्म त एक आपसमा हेराहेर गरिरहे। अनि एकछिनपछि जोनले आश्चर्यकासाथ भन्यो, "ओ तपाईं हाम्रो पेट्रोल पम्पमा आउनुभएको थियो।" " ए ! हो त नि , तपाईंले नै मेरो पेट्रोलको पैसा तिरी दिनुभएको थियो।" भन्दै पास्टरले भने।

आराधना सेवापछि जोन र पास्टर सिमगजोश्याले जिमलाई अघिल्लो साता पेट्रोल पम्पमा के भएको थियो भन्ने विषयमा जानकारी गराए।

अन्तरबार्ताको क्रममा जोनले भने "मेरो निम्ति त्यो आशिषको समय थियो। संयोग वा भाग्यको खेल भनेर मैले सोचेको थिए तर त्यो त आशिषमा परिणत भयो।"

## बाँकी कथा

एडभेन्टिस्ट पास्टरसँगको भेटघाटले जोनको मनमा गहिरो प्रभाव पारेको थियो। जोन बक्लेमा रहेको चर्चमा साबथको सेवाकार्यमा आउन थाले। पछि उनको घर नजिकै रहेको एडभेन्टिस्ट चर्चमा जोनकी श्रीमतीले बप्तिस्मा लिइन्।

यसको त्रैमासिक भेटीको केही भाग वेस्ट भर्जिनियामा ३५वटा सुसमाचार प्रचार गर्ने आयोजनाको निम्ति सहयोग दिइनेछ। स्पेनसर चर्चमा ३० जना विश्वासीहरू छन्। एक जना विलियम इनाकोन नाउँ गरेका एल्डरले दुई हप्ता सुसमाचार प्रचारको काम गर्न सार्वजनिक सभागृह भाडामा लिने योजना गरेका छन्। अहिलेको भेटीको केही भाग त्यसको निम्ति प्रयोग गरिनेछ। सुसमाचार प्रचार गर्ने अभियान चलिरहेको बेलामा जोन अरूसँग मिलेर केही छापिएका सामग्रीहरू बाड्ने र घरदैलोमा भेट-घाट गर्न पनि जान्छन्। तर सभापछि बप्तिस्मा लिन अनुरोध गरिएको कागजमा भने उनले सही गरेनन्। बप्तिस्मा हुनु दुई दिन अघि चर्चको पास्टर दानिएल मोरिकोन र अर्का साथी जोनको घरमा गए र किन येशूलाई मुक्तिदाता भनेर स्वीकार गर्न गाह्रो मान्नु भएको भनेर सोधे। "येशूका चेला वा अन्य विश्वासी मानिसहरूलाई म हेर्छु तर म उनीहरू जस्तो सफा मन भएको छु जस्तो मलाई लाग्दैन" जोनले उत्तर दिए। "यदि तपाईंले अरू मानिसलाई हेरेर बस्नु भयो भने तपाईंले कहिल्यै पनि बप्तिस्मा लिनुहुनेछैन" भन्दै पास्टरले जवाफ दिए। पास्टरको उक्त वचनले जोनको मन छोयो र अर्को दिन जोनले पास्टरलाई फोनबाट सोध्यो, "म भोलि नै बप्तिस्मा लिन चाहन्छु। मैले के ल्याउनुपर्छ?" अरूसँगै जोनले पनि त्यहिँ दिन बप्तिस्मा लिए।

चर्चका विश्वासीहरूमा येशूको कृपा र भलाई देखेर आफूले पनि बप्तिस्मा लिएको हुँ भनेर जोन भन्छन्। ५७ वर्षका जोन अहिले त्यही स्पेन्सर चर्चको डिकन भएका छन् र उनी अरू मानिसहरुको माझमा पनि प्रभु येशूको भलाइलाई देखाउन सकियोस भन्ने चाहन्छन्। "म यस ठाउँमा रहेको ३० वर्ष भयो र मानिसहरूले म परिवर्तन भएको देखिरहेका छन्। अब म मेरो गाउँ, ठाउँका मानिसहरूको माझमा गएर येशूको बारेमा सुनाउन चाहन्छु" भनी जोन भन्छन्। :-*आन्ड्रु मेकचेसनी*